**बैठक संख्याः१५**

आज मिति २०७९ साल चैत्र १२ गते आइतबारका दिन बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री रमेश कार्की ज्यूको अध्यक्षतामा निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक नगर सभा हलमा बिहान ८:०० बजे बसी निम्न अनुसारका निर्णयहरु गरियो ।

## उपस्थिति

| | |
|---|---|
| १. नगर प्रमुख- श्री रमेश कार्की | अध्यक्ष |
| २. उप- प्रमुख - श्री नन्द कुमारी सुनुवार | सदस्य |
| ३. वडा अध्यक्ष, वडा नं १ - श्री किसन थापा | सदस्य |
| ४. वडा अध्यक्ष, वडा नं २ - श्री होम प्रसाद गौतम | सदस्य |
| ५. वडा अध्यक्ष, वडा नं ३ - श्री राजदिप लामा | सदस्य |
| ६. वडा अध्यक्ष, वडा नं ४ - श्री आसाराम चौधरी | सदस्य |
| ७. वडा अध्यक्ष, वडा नं ५ - श्री रोहित काफ्ले | सदस्य |
| ८. वडा अध्यक्ष, वडा नं ६ - श्री उद्धब प्रसाद पोखरेल | सदस्य |
| ९. वडा अध्यक्ष, वडा नं ७ - श्री कपिल आचार्य | सदस्य |
| १० वडा अध्यक्ष, वडा नं ८ - श्री रोशन खड्का | सदस्य |
| ११.वडा अध्यक्ष, वडा नं ९ - श्री निरञ्जन मण्डल चन्द्रबंशी | सदस्य |
| १२. वडा अध्यक्ष, वडा नं १० - श्री तेज बहादुर गुरुङ्ग | सदस्य |
| १३. वडा अध्यक्ष, वडा नं ११ - श्री कृष्ण कुमार महतो | सदस्य |
| १४. कार्यपालिका सदस्य - श्री पंकज कुमार महतो | सदस्य |
| १५. कार्यपालिका सदस्य - श्री बिष्णु कुमारी बिष्ट | सदस्य |
| १६. कार्यपालिका सदस्य - श्री मालति बिश्वकर्मा | सदस्य |
| १७. कार्यपालिका सदस्य - श्री दुर्गा राई | सदस्य |
| १८. कार्यपालिका सदस्य - श्री भगवति कटुवाल खड्का | सदस्य |
| १९. कार्यपालिका सदस्य - श्री रत्न बहादुर रम्तेल | सदस्य |
| २०. कार्यपालिका सदस्य - श्री सुष्मा माझी | सदस्य |
| २१. नि.प्रमुख प्रशासकीय अधिकृत - श्री देवेन्द्र बहादुर मल्ल | सदस्य-सचिब |

**आमन्त्रित**

५. लेखा अधिकृत - श्री वीरेन्द्र यादव

६. सूचना प्रविधि अधिकृत - श्री पुकार पोखरेल

७. सूचना अधिकारी - श्री गौरी राय ।

**प्रस्तावहरुः-**

१) सप्तकोशी नदीको नदीजन्य पदार्थ संकलन सम्बन्धमा ।

२) खानेपानी आयोजनाको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

३) स्वास्थ्य स्वयमसेविकाको अवलोकन सिकाइ सम्बन्धमा ।

४) जग्गा वर्गिकरणको प्रारम्भिक मस्यौदा बुझाउने सम्बन्धमा

५) विविध ।

**निर्णयहरुः-**

१) प्रस्ताव नं १ माथी छलफल गर्दा बराहक्षेत्र नगरपालिका वडा नं १ मा अबस्थित सुनसरी मोरङ्ग सिँचाइ आयोजनाको इनटेक वरपर सप्तकोशी नदीमा थुप्रिएको नदीजन्य पदार्थलाई उत्खनन गरिदिनु भनि सुनसरी मोरङ्ग सिँचाइ आयोजनाको परिपत्र बमोजिम सप्तकोशी नदीको उक्त नदीजन्य पदार्थ उत्खनन र संकलन गर्नको लागि गर्नु पर्ने सम्पूर्ण कार्यका लागि नगर प्रमुख श्री रमेश कार्कीलाई अधिकार दिने निर्णय सर्वसम्मतले पारित गरीयो ।

२) प्रस्ताव नं २ माथी छलफल गर्दा नेपाल सरकार, खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग, संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, विराटनगरको च.नं. ३६७ मिति २०७९/१२/०८ उपभोक्ता समिति गठन गरिदिने सम्बन्धको परिपत्र अनुसार बराहक्षेत्र नगरपालिका वडा नं ८ वडा कार्यालयलाई सो पत्र सम्बन्धी कार्य अगाडी बढाउने निर्णय सर्वसम्मतले पारित गरीयो ।

३) प्रस्ताव नं ३ माथी छलफल गर्दा बराहक्षेत्र नगरपालिका अन्तर्गत साविकका गाउँ विकास समिति भित्र रहेका सामुदायिक स्वास्थ्य केन्द्रहरुमा कार्यरत महिला स्वयमसेविकाहरुको अध्ययन अवलोकन भ्रमणका लागि ५ वटा स्वास्थ्य केन्द्रहरुलाई रु २५,०००।(पच्चिस हजार मात्र) को दरले रु १,२५,०००।- कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने निर्णय गरीयो ।

४) प्रस्ताव नं ४ माथी छलफल गर्दा बराहक्षेत्र नगरपालिका भित्र रहेका जग्गाहरुको वर्गिकरण सम्बन्धी मस्यौदा प्रतिवेदनलाई पुनःपरिमार्जनका लागि १ देखि ११ वटा वडा कार्यालयहरुमा स्थलगत जाने निर्णय गरीयो ।

५) प्रस्ताव नं ५ माथी छलफल गर्दा देहाय बमोजिमका निर्णयहरु सर्वसम्मतले पारित गरियो ।

क) बराहक्षेत्र नगरपालिका वडा नं १ मा अवस्थित बराहक्षेत्र मन्दिर परिसर हुदै बग्ने कोकाह खोलाबाट धरान उपमहानगरपालिकाले यस पालिका सँग कुनै छलफल नै नगरी पाइप बिच्छाइ पानी लाने बिषयमा सम्बन्धित पक्ष सँग छलफल गर्नका लागि धरान उप महानगरपालिकालाई परिपत्र गर्ने निर्णय सर्वसम्मतले पारित गरीयो ।

ख) बराहक्षेत्र नगरपालिका वडा नं ११ मा रहेको मधुवन प्राथमिक स्वास्थ्य केन्द्रमा एम.बि.बि.एस डाक्टरको दरबन्दी थप गर्ने सम्बन्धमा प्रदेश सरकार स्वास्थ्य मन्त्रालय,कोशी प्रदेश र नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने ।

ग) बराहक्षेत्र नगरपालिका अन्तर्गत कार्यरत रहेका स्वास्थ्य बिमा अभिकर्ताहरुको व्यवस्थापन सम्बन्धमा पुनर्विचार गरी बिमा अभिकर्ताहरुलाई व्यवस्थापन गर्ने ।

नगर कार्यपालिकाको कार्यालय
बराहक्षेत्र नगरपालिका
चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल